# बटेश्वर गाउँपालिका

# छैठौं गाउँसभा

## गाउँ सभाको बैठकमा उपाध्यक्ष श्री प्रमिला देवी ज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०७७।७८ को

## नीति, कार्यक्रम तथा बजेट

बटेश्वर गाउँपालिका

धनुषा जिल्ला

प्रदेश नं. २

२०७७।०३।१०

बटेश्वर गाउँपालिकाको छैठौं गाउँसभाको सभाध्यक्ष,

गाउँसभाका सदस्यहरु, सभाका सचिव लगायत कर्मचारी मित्रहरु,

उपस्थित सम्पूर्ण महानुभावहरु ।

बटेश्वर गाउँपालिकाको यस सम्मानित गाउँ सभाको बैठकमा सभाको अध्यक्षको रुपमा विद्यमान विषम परिस्थिति बीच आगामी आर्थिक वर्ष २०७७।७८ को बजेट प्रस्तुत गर्न उभिएको छु । यस घडीमा लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि विभिन्न समयमा भएको आन्दोलनहरुमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । नेपालको सँविधानले परिकल्पना गरेको तीन तहका सरकारको सफलतापूर्वक सँचालन तथा कार्यसम्पादनमा भूमिका खेल्नुहुने सम्पूर्ण आदरणीय अग्रज राजनीतिज्ञहरु तथा विज्ञहरुप्रति यस बटेश्वर गाउँपालिकाको तर्फबात उच्च सम्मान व्यक्त गर्दछु ।

कोरोना भाईरसका कारणले सम्पूर्ण विश्वले नै मानवीय तथा आर्थिक सँकटको सामना गर्नुपरेको छ । नेपाल समेत यसबाट अछुतो रहन सकेन । यसै कारणले गाउँपालिकाले आ.व. २०७६।७७ मा निर्धारण गरेको लक्ष्यहरु प्राप्त नहुने अवस्था देखिएको छ । यद्यपि यस कठिन परिस्थितिमा समेत विकासका निर्माणका विभिन्न गतिविधिहरु सँचालन तथा सम्पन्न गर्न यो बटेश्वर गाउँपालिका निरन्तर लागिरह्यो । जसका फलस्वरुप गाउँपालिकाले ७४.७३ प्रतिशत पूँजीगत बजेट खर्च गर्न सफलता प्राप्त गरेको छ र यसका लागि कार्यक्षेत्रमा खटिएका यस सभामा उपस्थित सम्पूर्ण सभा सदस्य तथा कर्मचारी महानुभावहरु प्रति आभार व्यक्त गर्न चाहन्छु ।

मैले आगामी आ.व. २०७७।७८ को बजेट प्रस्तुत गरिरहँदा कोरोना भाइरसबाट बटेश्वर गाउँवासीहरुको जीवन रक्षा गर्ने र विकासका निर्माणका गतिविधिहरुलाई गतिशील बनाई समग्र रुपमा जनजीवन लाई गुणस्तरीयता प्रदान गर्ने जिम्मेवारी बोध गरेको छु । हामी सम्पूर्ण जनप्रतिनिधिहरु देश र जनताको नाउँमा शपथ खाएर तथा विगत तीन वर्षको अथक प्रयासबात हासिल भएको सफलताको जगमा टेकेर देखेको सुन्दर, समृद्ध बटेश्वर गाउँपालिकाको सपनामा कोरोना महामारीका कारणले धक्का लागेको छ तथापि हामी सबै जनप्रतिनिधि, राजनैतिक दल, सँघ सँस्था र गाउँवासी काँधमा काँध, हातमा हात मिलाई यस शताब्दीकै विषम परिस्थितिको सामना गर्न सक्छौं भन्ने मलाई दृढ विश्वास छ ।

बजेट तर्जुमा गर्दा मैले मूलतः नेपालको सँविधान र कानुनहरु, यस सम्मानित सभाले विगतमा पारित गरेका नीति तथा कार्यक्रम, नेपाल सरकार तथा प्रदेश सरकारको आगामी आ.व. २०७७।७८ को बजेट वक्तव्य, पन्ध्रौं योजना र दिगो विकासको लक्ष्यलाई आधार बनाएको छु । बजेट तर्जुमाको सिलसिलामा

डम्बर बहादुर राउत क्षेत्री
अध्यक्ष

राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिका निर्णय तथा स्थानीय सँघ सँस्था एवम् विज्ञवर्ग समेतबाट प्राप्त राय सुझावहरुलाई समेत ध्यान दिएको छु ।

उपस्थित महानुभावहरु,

अव म चालु आ.ब.२०७६/०७७ मा यस बटेश्वर गाउँपालिकाले कोरोना महामारी प्रभावित समयमा हासिल गरेका समग्र उपलब्धीहरु संक्षिप्त रुपमा राख्ने अनुमति चाहन्छु ।

- बटेश्वर गाउँपालिकाको आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रमा सिंचाई प्रयोजनका लागि १४ वडा डिप-बोरिङ्गको निर्माण कार्य सम्पन्न भई सञ्चालनको क्रममा रहेकोछ ।
- यस गाउँपालिकाको सक्रिय पहलका कारण नेपाल सरकार उधोग तथा वाणिज्य मन्त्रालयबाट करिब ९०६७२५० (नब्वे लाख सरसठी हजार दुई सय पच्चास) बराबरको कृषि तथा पशु तर्फका कार्यक्रमहरु सञ्चालमा आउने भएको छ ।
- गाउँपालिका भित्र रहेका खोलाहरुबाट उत्सर्जन हुने ढुङ्गा गटी बालुवा आदिको उत्खन्न प्रक्रियालाई ठेक्का व्यवस्थापन गरी नियमित गरिएको छ ।
- वडा नं. २ मा कार्तिक कुमर बजार देखि विग्ही खोला सम्मको पिच बाटो निर्माण कार्य सञ्चालनमा ल्याई सम्पन्न हुने व्यवस्था सिर्जना भएको छ ।
- ५ वटै वडाहरुमा स्वास्थ्य चौकी निर्माण कार्य करिव-करिव सम्पन्न हुने स्थितिमा आएको छ ।
- वडा नं ५ मा नमूनाका रुपमा दलित आवास कार्यक्रम अन्तर्गत आवासीय भवन निर्माण कार्यक्रम सम्पन्न हुने अवस्थामा पुगोको छ ।
- विधालय जान नपाएका वालबालिकाहरुको विधालय भर्ना २०.४७% ले वृद्धि भएको छ ।
- गाउँपालिकाको मुख्य प्रशासनीक भवनको निर्माण कार्य सम्पन्न हुन लागेको छ ।
- "सुन्दर बटेश्वर उज्यालो बटेश्वर" अन्तर्गत सोलार लाईट जडान कार्यक्रम सुचारु भएको छ ।
- न्यायिक समितिमा परेका ८२ मुदाहरु मध्ये २८ वटा मुद्दाहरु फछैंट भई बाँकी मुदाहरु फर्छेटका क्रममा रहेकोछ ।
- बटेश्वर गाउँपालिका द्धारा निर्माण हुने प्रसुती गृहको कार्य प्रगतीमा रहेकोछ ।

उपस्थित सम्पूर्ण महानुभावहरु,

अब म यस बटेश्वर गाउँपालिकाको आ.ब.२०७७/०७८ का क्षेत्रगत निति तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु ।

१.आर्थिक क्षेत्र:

कृषि तथा पशु:

- कोरोना महामारीको कारण उत्पन्न चुनौतीलाई सम्बोधन कृषिमा श्रम परिचालन ,व्यवसायीकारण र आधुनिकिकरणको कार्य गरिनेछ ।
- विभिन्न सहकारी, सामुदायिक तथा निजी फर्म मार्फत उत्पादन गर्न प्रोत्साहन गरिनेछ। यसका लागि सिंचाई, मल, बीउ, पुँजी र प्रविधी तथा बजार सुनिश्चित गरिनेछ ।
- चालु आ.ब. मा वितरण भएका उन्नत जातका मेवा तथा बोकाको प्रभावकारीताको मापन गरी आगमी आ.ब. मा समेत यस्ता कार्यक्रम संचालन गरिनेछ ।
- प्रांगरिक मलको प्रयोग बढाउँदै आर्गेनिक खेतीलाई प्रोत्साहन गरिनेछ ।
- प्रदेश सरकार भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय मार्फत प्राप्त शान्तिपुर बजार सेड निर्माण कार्यक्रमलाई सम्पन्न गरी संचालनमा ल्याईनेछ ।
- कृषि तथा पशु सेवा तर्फ विगत देखि कार्यरत एक गाउँ एक प्राविधिक कर्मचारीहरुलाई नेपाल सरकार सँग लागत साझेदारीमा व्यवस्थापन गरिनेछ ।
- कृषि क्षेत्रमा यान्त्रीककरणको प्रयोग गरी कृषक कार्यक्रम सञ्चालन गर्ने प्रविधि अगामी बर्ष ल्याईनेछ ।
- वडा नं. २ स्थित पशु सेवा कार्यालयलाई संचालन ल्याइनेछ ।
- **यस बर्ष सिंचाई सडक स्वास्थ्य एवं कृषकको यान्त्रीकरणको बर्ष रहनेछ ।सवैभन्दा धेरै विकास भएको बर्ष यसै बर्षलाई बनाइनेछ ।**
- संघीय सरकार बाट प्राप्त कृषि तथा पशु तर्फका सर्शत अनुदान अन्तर्गतका कार्यक्रमहरु यस गाउँपालिकाको लागत साझेदारीमा गरिनेछ ।

सिंचाई:

इन्द्र बहादुर राउत
अध्यक्ष

कृषि योग्य जमिनमा सिंचाईको व्यवस्था मिलाउन प्रत्येक वडामा स्यालो टयुवेल तथा डिप-टयुवेलको निर्माणलाई निरन्तरता दिईनेछ । साथै निर्माण भइसकेको डिप बोरिङ्गलाई संचालनमा ल्याईनेछ ।

- हाल संचालनमा पुराना डिप – टयूवेलहरुलाई मर्मत सम्भार गरिनेछ ।

<u>सहकारी:</u>

- सहकारीको माध्यमबाट कृषि सामाग्री, पूँजी प्रविधि र बजारमा कृषिकको सहज पहुँच सुनिश्चित गरिनेछ ।
- सहकारी क्षेत्रको सिद्धान्त, मूल्य मान्यातालाई अवलम्वन गरी संस्थागत क्षमता अभिवृद्धि र सुशासन प्रवर्द्धन गरिनेछ ।
- गरिव, विपन्न , शैक्षीक बेरोजगार र वैदेशिक रोजगार अवरुद्ध भएका युवालाई सहकारी संस्था मार्फत कर्जा प्राप्त गरी साना तथा घरेलु उधोग स्थापन गर्न प्रोत्साहीत गरिनेछ ।

<u>उधोग तथा वाणिज्य:</u>

- स्थानीय कृषि/पशु उत्पादनलाई उधोग जन्य व्यवसायमा रुपान्तर गर्न आवश्यक नीति तर्जुमा गरिनेछ ।
- बटेश्वर बजारको स्तरोन्नती गरी प्रत्येक वडाका बजारहरुको क्षमता विस्तार गरिनेछ ।
- एक वडा एक उत्पादनको नारा आत्मसात गरी स्थानीय रोजगार सीर्जना गर्ने वातावरण मिलाईनेछ ।

<u>सामाजिक विकासः</u>

<u>शिक्षाः</u>

- शैक्षीक पूर्वाधारको विकास, दक्ष जनशक्तिको व्यवस्था र नवीनतम प्रविधिको प्रयोग गरी जीवनोउपयोगी शिक्षाको सुनिश्चितता गरिनेछ ।
- विधालय जाने उमेर समूहका सर्व- वालबालिकाहरुलाई विधालय भर्ना गर्ने कार्यक्रलाई अभियानको रुपमा संचालन गरिनेछ। साथै आधारभूत शिक्षामा सवैको पहुँच सुनिश्चित गरिनेछ ।
- कोरोना भाईरसका कारणले वालबालिकामा परेको मनोसामाजिक असर निवारण गर्न आवश्यक क्रियाकलाप संचालन गरिनेछ ।

- सामुदायिक विधालयको भौतिक संरचना निर्माणलाई प्राथमिकता दिईनेछ ।
- यस गाउँपालिकाको समुदायिक विधालयहरुको शैक्षिक भौतिक मनोवैज्ञानिक पक्षमा सुधार गर्न कार्यरत सँस्था आफन्त नेपाल (FIDA)सँग आवश्यक समन्वय गरिनेछ ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजनालाई पूर्ण रुपमा विधुतीय प्रणालीको माध्यमबाट कार्यान्वयनमा ल्याई, सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई चौमासिक रुपमा समयमै भुक्तानीको व्यवस्था मिलाईनेछ ।
- श्री राष्ट्रिय परिचय-पत्र तथा पञ्चिकरण विभाग मार्फत सर्शत तर्फ विनियोजित रकमको विभिन्न कार्यक्रमहरु समयमै सञ्चालन गरिनेछ ।
- सर्शत अनुदान अन्तर्गतका शिक्षा तर्फ कार्यक्रमहरु गाउँपालिकाको प्राथमिकतामा राखी सञ्चालन गरिनेछ ।

## स्वास्थ्यः

- स्वास्थ्य सेवालाई भरभर्दो र गुणस्तरीय बनाईनेछ ।
- बटेश्वर बजारमा निर्माणाधीन रहेको प्रसुती गृहलाई निर्माण सम्पन्न गरी संचालनमा ल्याईनेछ ।
- कोरोना भाईरसको रोकथामका लागि थप क्वारेन्टाइन व्यवस्थापन तथा सोका लागि आवश्यक पर्ने सामाग्री जनशक्ति प्रविधि आदिको व्यवस्था गरिनेछ ।
- प्रत्येक वडाको लागि प्राप्त स्वास्थ्य चौकीहरुको निर्माण सम्पन्न गरी संचालनमा ल्याईनेछ ।
- आगामी बर्षमा संघिय सरकारबाट प्राप्त हुने १५ शैयाको अस्पताल निर्माण गर्नेमा तदारुपताका साथ अगाडी बढिनेछ ।
- नेपाल सरकारबाट निशुल्क उपलब्ध हुने प्रकारका औषधीहरु निरन्तर उपलब्ध हुने व्यवस्था मिलाईनेछ ।
- संघीय सरकारबाट प्राप्त सर्शत कार्यक्रमहरु आवश्यकताका आधारमा लागत साझेदारीमा सञ्चालन गरिनेछ ।

## खोनपानी तथा सरसफाईः

- प्रत्येक गाउँपालिकाको घरमा स्वच्छ सफा खानेपानीको व्यवस्था मिलाईनेछ ।
- प्रत्येक वडामा खानेपानी निर्माणको कार्यक्रम अगाडी बढाईनेछ।

बटेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बटेश्वर, धनुषा प्रदेश नं २, नेपाल

इश्वर बहादुर राउत क्षेत्री
अध्यक्ष

- खुला दिशामुक्त क्षेत्र यस बटेश्वर गाउँपालिकाको स्वच्छता कायम गर्न Post ODF Programme संचालन गरिनेछ ।
- शौचालय बनाउन जग्गा नभएका भूमीहिन घरपरिवारका लागि सामुदायिक शौचालय निर्माण गरिनेछ ।

**संस्कृति प्रवर्द्धनः**

- स्थानीय कला, संस्कृति, भाषा आदिको सम्वर्द्धनका लागि विभिन्न कार्यक्रम संचलान गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र रहेका साँस्कृति, ऐतिहासिक एवं पौराणिक धरोहरहरुको रुपमा रहेको महादेव स्थान मन्दिरलाई पशुपति शैलीमा निर्माण गरिनेछ ।

## पूर्वाधार विकासः

### सडक भवन तथा सहरी विकासः

- वडा नं ३ र ४ जोड्ने पिच बाटो निर्माण गरिनेछ साथै सम्पूर्ण १,२,३ र ४ मा यसै बर्ष र वडा न. ५ मा अगामी बर्षमा पिच सडक निर्माण गरिनेछ ।
- नेपाल सरकारले तोकेको मापदण्डको पूर्ण पालना गरी विकास निर्माणका गतिविधिहरु संचालन गरिनेछ ।
- "सुन्दर बटेश्वर उज्यालो बटेश्वर " अन्तर्गत सोलार लाईट तथा टावर लाईट जडान गरी गाउँपालिका प्रकासोन्मुख बनाईनेछ ।
- दलितहरुको लागि निर्मित मुसहर बस्तीको क्षमता विस्तार गरी अन्य वडामा समेत यस्ता कार्यक्रम ल्याईनेछ ।साथै अन्य दलित वर्ग एवं जनजाती लगायत OBC का लागि जनचेतना तथा सिपमूल्क विशेष कार्यक्रम संचालन गरिनेछ ।
- मुस्लीम दलित जनजाती एवं OBC का समुदायहरुलाई जनचेतनामूल्क कार्यक्रम गरिनेछ ।
- भूचक्रपुर, शान्तीपुर तथा बटेश्वर बजार सेड निर्माण गरी सौन्दर्यीकरण गर्दै संचालनमा ल्याईनेछ ।
- बटेश्वर गाउँपालिका प्रवेश गर्ने प्रवेशद्धार अगामी बर्षमा निर्माण गरिनेछ ।

डुम्बर बहादुर राउत क्षेत्री
अध्यक्ष

## वन बातावरण तथा विपद् व्यवस्थापनः

- गाउँपालिका क्षेत्रभित्रका नदीनाला खोलाहरुको उत्खन्न प्रक्रियालाई व्यवस्थित र नियमित बनाईनेछ ।
- शान्तिपुर ,लक्ष्मीनिवास अन्य वडाहरु लगायतका क्षेत्रहरुमा तटबन्ध निर्माणका लागि सम्बन्धीत निकाय समक्ष जोडतोडका साथ पहल गरिनेछ ।
- फोहोरमैला व्यवस्थपानका लागि लैण्डफिल साईटको पहिचान गरी निर्माण प्रक्रिया प्रारम्भ गरिनेछ ।
- बाढी अगालागी गर्मी र जाडो यामबाट हुने सक्ने भावी क्षतिको निराकरणका लागि दैवी प्रकोप व्यवस्थापन कोष विगतमा जस्तै संचालनमा ल्याईनेछ ।

## लैंगिक समानता तथा सामावेशीकरणः

राष्ट्रपति महिला उत्थान कार्यक्रम अनुरुप महिलाहरुको लागि विकास तथा उद्दमशीलता कार्यक्रमहरु मार्फत रोजगारीका अवसर वृद्धि गरिनेछ ।

फरक क्षमता भएका व्यक्तिहरुको मनोबल मर्यादा शिप र क्षमता बढाउन पुनस्थापना लगायतका विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

प्रत्येक वडामा रहेका वाल समुहलाई सक्रिय बनाउदै बालबालिकाहरुको लागि आवश्यक नितिगत संरचनागत व्यवस्था मिलाईनेछ ।

दलित ,गरिब , पिछडिएका एवं विपन्न वर्गका व्यक्तिहरुको सामाजिक एकीकरण गर्दै उनीहरुलाई सामाजिक न्यायको समुचित अनुभूती गराउँदै सामाजिक समताको आधारमा मूलप्रवाहीकरण गरिनेछ ।

- प्रत्येक वडामा जेष्ठ नागरिक आरोग्य आश्रमको व्यवस्थापनको कार्यलाई उर्ध्वगामी बनाईनेछ ।
- गाउँपालिकाको विगत देखि आयोजना गर्दै आएको जेष्ठ नागरिक समान कार्यक्रमलाई यस वर्ष समेत निरन्तरता दिनेछ।

बटेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बटेश्वर, धनुषा
प्रदेश नं. २, नेपाल

डम्बर बहादुर राउत क्षेत्री
अध्यक्ष

## सुशासन तथा संस्थागत विकास तथा राजश्व परिचालनः

- करको दायरामा समेटन नसकिएका क्षेत्रहरुलाई विभिन्न कार्यक्रमहरु समुदायमा संचालन गरी करको दायरामा ल्याईनेछ ।
- ठेक्का नलागोका बजारहरुलाई ठेक्का लगाईनेछ ।
- वडा कार्यालय गाउँपालिकाको कार्यालयबाट संकलित राजश्वको शीर्षकगत विवरण तयार गर्न आवश्यक कदम चलाईनेछ ।
- आन्तरीक लेखा परीक्षा तथा वेरुजु फछयौटलाई प्राथमिकताकामा राखिनेछ ।
- कार्यालयको शाखागत संचारका लागि PABX जडान गरिनेछ ।
- गाउँपालिकाको प्रशासनिक भवनको निर्माण सम्पन्न गर्न १.५ करोड बजेट बिनियोजन गरिएको छ । साथै उक्त भवनलाई अपांगमैत्री जेष्ठनागरिक मैत्री एवं डिजिटल सेवा सहितको भवन बनाउन आवश्यक तयारी गरिनेछ ।
- गाउँपालिका कार्यालय परिसरमा शुद्ध खानेपानीको व्यवस्था वाटर प्युरिफायर जडान गरिनेछ ।
- गाउँपालिका वाट प्रवाह हुने सेवाहरु Online System मार्फत प्रवाह गरिनेछ ।
- न्यायीक समितिको छलफल गर्ने विशेष प्रशासकीय न्यायिक इजलास निर्माण गर्नेछ ।
- कोरोना भाईरसका कारणले सिर्जित समस्यालाई मध्यनजर गर्दै सामाजिक दुरी लगायतका उपायहरुको अवलम्वन गर्दै सेवा प्रवाहको व्यवस्था मिलाईनेछ ।
- उपस्थित सम्पूर्ण महानुभावहरु,
- अव म यस बटेश्वर गाउँपालिकाको आर्थिक वर्ष ०७७।७८ को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।
- यस गाउँपालिकाले प्रस्तावित बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मुलतः नेपालको सँविधान २०७२ को अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकार सूची, आर्थिक अधिकार र आर्थिक कार्य प्रणाली, मौलिक हकहरु, आर्थिक सामाजिक विकास, साधन श्रोतको उपयोग नीति, अर्थ मन्त्रालय, प्रदेश सरकारबाट प्राप्त

बजेट सम्बन्धी मार्गदर्शन र सँघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त मार्गदर्शन, सहभागिता मूलक योजना छनौट पद्धति, विकासका समसामयिक मुद्धाहरुजस्तै : सामाजिक सँरक्षण, दीगो विकास , जलवायु परिवर्तन, विपद व्यवस्थापन लैंगिक सशक्तिकरण तथा समावेशी विकास समेतलाई आधार मानी गाउँ कार्यपालिकाबाट स्वीकृत गरी यो गरिमामय गाउँ सभाको बैठकमा प्रस्तुत गर्दछु ।

- आ.व. २०७७/७८ मा सँघबाट प्राप्त वित्तीय समानीकरणमा नौ करोड पैतीस लाख( ९३५०००००), सशर्त अनुदान तेह्र करोड छबीस लाख (१३२६०००००), विशेष अनुदान एक करोड पचास लाख (१५००००००), राजश्व बाँडफाँड बाट प्राप्त पाँच करोड एक साठी लाख एघार हजार एक सय सोह्र(५६१११११६), तराई मधेश समृद्धि कार्यक्रम पचीस लाख(२५०००००) प्राप्त हुने भएको छ ।
- प्रदेश सरकारबाट वित्तीय समानीकरण तर्फ उनान्सतरी लाख एक चालीस हजार ( ६९४१०००), सशर्त अनुदान पचास लाख(५००००००), समपूरक अनुदानमा बीस लाख( २००००००), विशेष अनुदानमा तीस लाख(३००००००), सवारी साधन कर बाडफाडबाट अठाइस लाख तेतीस हजार(२८३३०००) प्राप्त हुने भएको छ ।
- आगामी आर्थिक वर्षमा यस गाउँपालिकाले तीस लाख (३००००००) आन्तरिक आय सँकलन गर्ने लक्ष्य लिएको छ तथा गत वर्षको नगद मौज्दात रु पाँच करोड समेत गरी कुल रु छतीस करोड चौहतर लाख पचासी हजार एक सय सोह्(३६७४८५११६) को कुल बजेट विनियोजन गरेको छु । कुल बजेट मध्ये एघार करोड दुई लाख पैतालीस हजार पाँच सय चौतीस चालू खर्च तर्फ तथा पचीस करोड बहतर लाख उनान्चालीस हजार पाँच सय बयासी पूँजीगत खर्च तर्फ विनियोजन गरेको छु ।
- क्षेत्रगत कार्यक्रम यस गाउँ सभाको आगामी अधिवेशन बाट निर्धारित हुने कार्यक्रम रहेको हुँदा अन्त्यमा, यस बजेट तर्जुमामा सहयोग गर्नुहुने सम्पूर्ण पदाधिकारीहरु, वडा समितिहरु, राजश्व र बजेट सम्बन्धी कानुन बमोजिम गठित विभिन्न समितिहरु, स्थानिय राजनैतिक दलहरु लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, यस क्षेत्रका बुद्धिजीवीहरु एवँ प्रत्यक्ष अप्रत्यक्ष रुप्मा भूमिका खेल्नुभएका बटेश्वर गाउँपालिकाका सम्पूर्ण जनसमुदायलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै यस बटेश्वर गाँउपालिकाको बिकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउनुहुने बटेश्वर गाँउपालिकाको जनसमुदाय कर प्रदायकहरु,विकासका साझेदार , सरकारी , गैरसरकारी तथा सामुदायिक संस्थाहरु र संचार माध्यमहरु प्रती हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यन्वयनमा सबैको खुला सहयोगको अपेक्षा गर्दछु ।